# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

प.स.०८३/०८४
च.न.

मिति २०८३/०६/१९

**महिलाहरुका लागि नौमती बाजा बजाउने तालिमको लागि निवेदन दिने सम्बन्धी**

**सूचना ! सूचना ! ! सूचना ! ! !**

कालिका नगरपालिकाको आ.व.०८३/०८४ को स्वीकृत कार्यक्रम अनुसार **महिलाहरुलाइ नौमती बाजा बजाउने तालिम (टेवा समेत)** सञ्चालन गरिने भएकोले कालिका नगरपालिका भित्र स्थायी वसोवास गर्ने दलित महिला, सिमान्तकृत महिला, जनजाती महिला, एकल महिला, द्धन्द्ध प्रभावित महिला र अन्य ईच्छुक महिलाहरुले १८ जनाको समुह बनाई सूचना प्रकाशित भएको मितिले १२ दिन २०८३/०६/३० गते भित्र कालिका नगरपालिका महिला बालबालिका तथा समाजकल्याण उपशाखामा तोकिएको ढाँचामा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

आबश्यक कागजातहरु:

१. संलग्न ढाचाँ बमोजिमको निवेदन।

२. १८ वर्ष पुरा भएको ।

३. नागरिकता प्रमाणपत्रको प्रतिलिपी(बाह्य जिल्लाको नागरिकताको हकमा बसाईसराई/विवाह दर्ताको प्रतिलिपी)।

४. पासपोर्ट साइजको फोटो -१ प्रति।

५. दलित महिला, सिमान्तकृत महिला, जनजाती महिला, एकल महिला र द्धन्द्ध प्रभावित महिलाहरुलाई विशेष प्राथमिकता दिईनेछ।

विकास खत्री
नि प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ: सूचना प्रविधि शाखा, नगरपालिकाको वेवसाइट र वडा कार्यालयमा सूचना प्रेशित गरिदिनु हुन।
नोटः निवेदनको ढाचाँ वडा कार्यालयहरुबाट र नगरपालिकाबाट उपलब्ध हुनेछ।

प्र. प्रमुख प्रशासकीय अधिकृत

## नौमती बाजा बजाउने तालिमको निवेदन ढाचाँ

मिति २०८३/०६/१९

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कालिका नगरपालिका चितवन।

विषयः नौमती बाजा बजाउने तालिममा सहभागी हुन पाउँ।

म/हामी कालिका नगरपालिका वडा न......../.........................टोलमा वसोवास गर्ने व्यक्ति/समुह हो। मैले/हामीले यस अगाडी नगरपालिकाबाट सञ्चालन गरिएको कुनै पनि तालिममा सहभागी भएको छैन। मेरो/हाम्रो घरायसी आर्थिक अवस्था नाजुक भएको कारण दैनिक जीवनयापन गर्न सिप आवश्यकता भएकोले कालिका नगरपालिकाबाट मिति २०८३/०६/१९ मा प्रकाशित सूचना बमोजिम नौमती बाजा बजाउने तालिम (वेसिक) लिन ईच्छा भएको र यस किसिमको तालिम लिई सकेपछि यहि पेशा अगालेर जीविकोपार्जन गर्ने प्रतिवध्दता साथ उक्त तालिममा सहभागी हुनका लागि यो निवेदन पेश गरेको छु/छौ।

आवेदकः

१. नामथरः................................................
२. ना.प्र.न......................................................
३. जारिमिति/जिल्ला........................................
४. ठेगानाः कालिका नगरपालिका वडा न..............
५. उमेर.................
६. दलित महिला/जनजाती महिला/सिमान्तकृत महिला/द्वन्द्ध पिडित महिला/ अन्य महिला .................
७. सम्पर्क न............................................

---

उपरोक्त निवेदक व्यक्ति/ समुहलाई तालिममा सहभागी गराईदिनु हुन सिफारिस गरिन्छ।

बडा कार्यालयको छाप | वडा अध्यक्षको सहि छाप